# सहकारी क्षेत्रले उत्पादनमा महत्वपूर्ण योगदान दिएपनि नीतिगत अवरोध कायम




काठमाडौं (जस)-राज्यले उत्पादन, प्रशोधन र बजारीकरणमा सहकारीको भूमिका बृद्धि गर्नका लागि नीतिगत तथा कानुनी सहजीकरण गर्नुपर्ने सरोकारवालाहरुले बताएका छन् । नेपाल सहकारी पत्रकार समाज (सिजेएन)ले संघीय सहकारी विभागको सहयोगमा बुधबार बानेश्वरमा आयोजना गरेको 'सहकारी क्षेत्रले उत्पादनमा खेलेको भूमिका र झेल्नुपरेको समस्या' विषयक अन्तरक्रियामा बोल्दै सहकारी अभियान र सरकारी निकायका प्रतिनिधिहरुले नीतिगत सुधारमा जोड दिएका हुन् ।

कार्यक्रममा बोल्दै भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव एवं सहकारी महाशाखा प्रमुख गोविन्द रिजालले केही समयदेखि बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधान गर्न राज्यको ध्यान केन्द्रित भएकाले उत्पादन सहकारीको विषय ओझेलमा परेको स्वीकार गरे । उनले भने, 'विगतमा हामीले वित्तीय सहकारीले कसरी बचत संकलन गरे, ऋण परिचालन र असुली गरे भन्ने बारेमा बढी ध्यान दिनुपरेको साँचो हो ।' उनले सहकारीको बचत सुरक्षण गर्ने जिम्मेवारीमा बसेका केही खराब मानिसहरुले गरेका विकृति र विसंगतिजन्य गतिविधका कारण कतिपय सहकारीमा समस्या उत्पन्न भएर समग्र सहकारीप्रति आम जनविश्वाश कमजोर भएको विश्लेषण गरे ।

'अहिले सहकारी क्षेत्रमा आम जनविश्वास पुन:बुधबार्रन गर्नुपर्ने विषय सबैभन्दा महत्वपूर्ण र चुनातिपूर्ण रहेको छ,' उनले भने, 'सहकारीप्रतिको नकारात्मक धारणालाई कसरी सकारात्मक बनाएर लाने भन्ने विषय महत्वपूर्ण हो ।' विगतमा एउटै सहकारी ऐनले सबै विषय र प्रकृतिका सहकारीलाई नियमन गर्दा विभिन्न असहजता उत्पन्न भएकाले त्यसलाई समाधान गर्न मन्त्रालयले वित्तीय र अन्य सहकारीका लागि दुई छुट्टा छुट्टै ऐनको मस्यौदा तयार पारिरहेको जानकारी दिए । कार्यक्रममा उत्पादनसँग सम्बन्धित केन्द्रीय सहकारी संघहरुका प्रतिनिधिहरुले नीतिगत सुधारका लागि उठाएका विभिन्न विषयहरु पनि नयाँ ऐनमार्फत समाधान गरेर जान सकिने धारणा राखे ।

'विगतमा सरकारले गठन गरेका विभिन्न आयोग तथा अध्ययन समितिहरुले सबै सहकारीलाई एउटै टोकरीमा राखेर प्रवर्द्धन र नियमन गर्दा प्रभावकारी नभएको सुझाव दिएका छन्,' उनले भने, 'त्यसैले मन्त्रीपरिषद्बाट सैद्धान्तिक सहमती लिएर मन्त्रालयले दुई ऐनको मस्यौदा बनाईरहेको छ । यसमा विज्ञ र सरोकारावालाहरुको समेत सुझाव लिनेछौं ।' सहकारीको कर, विद्युत महसुल, मूल्य समायोजन, बजारीकरण लगायतका विषयलाई आर्थिक ऐनमा समेटन सकिने भएकाले सरकारलाई आवश्यक सुझाव दिन आग्रह गरे । सहसचिव रिजालले सरकारले सहकारी प्रवर्द्धन कोषमा जम्मा भएको रकम सहकारी संघहरुमार्फत सहकारीको प्रवर्द्धन गर्ने कार्यमा प्रयोगमा ल्याउन नसके पनि अपचलन भने नगरेको प्रष्टिकरण दिए ।

हालसम्म कोषमा १४ करोड १३ लाख ६९ हजार ८ सय ८५ रुपैयाँ संकलन भएको आँकडा पेश गर्दै उनले भने, 'कोषमा भएको एक पैसा पनि अपचलन भएको छैन । कार्यविधि अनुसार महासंघ, केन्द्रीय संघ, प्रदेश संघ र जिल्ला संघहरुलाई वितरण नभएको मात्र हो ।' विगतमा राज्यले सहकारीको प्रभावकारी नियमन गरेर एक्सन नलिएकाले पनि समस्या सिर्जना भएको उनको ठम्याई थियो । उनले मिडिया, सहकारी अभियान र राज्य मिलेर सहकारीमा देखिएका विकृति र विसंगति समाधान गर्न पहल गर्नुपर्ने आवश्यकता औंल्याए । यसैगरी कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका कार्यवाहक अध्यक्ष रमेश पोखरेलले सहकारी क्षेत्रले पुँजी संकलन र लगानीमार्फत कृषि उत्पादनमा महत्वपूर्ण योगदान दिँदै आएको बताए ।

सहकारीले निर्वाहमुखी कृषिलाई व्यवसायिक बनाउनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा बजार व्यवस्थापन गर्ने कार्यमा महत्वपूर्ण योगदान दिएको बताए । उनले भने, 'सहकारीले गर्दा यूरोपको इक्विटी नामक संस्थाले नेपालको अर्थोडक्स चिया युरोपको बजारमा बिक्री बितरण गरिरहेको छ ।' सहकारी क्षेत्रले साना किसानलाई सहयोग गरेर उत्पादन, बजारीकरण र आधुनिकीकरण गर्न प्रयास गरिरहेको भएपनि राज्यले जारी गरेका विभिन्न क्षेत्रगत कानुनहरुले सहकारीलाई प्रत्यक्ष उत्पादनमा जान अवरोध गरिरहेको गुनासो पोखे । 'अहिले विभिन्न ४६ ओटा ऐनहरुले सहकारीलाई उत्पादनमूलक उद्योग संचालन गर्न अवरोध गरिरहेका छन्,' उनले भने । राज्यले क्षेत्रगत ऐनहहरु संशोधन गरेर सहकारीलाई उत्पादन तथा प्रशोधनको काम गर्न सहज कानुनी वातावरण सिर्जना गरिदिनुका साथै कृषि औजार आयातमा भन्सार छुट लगायतका सहुलियत दिनुपर्ने आवश्यकता औंल्याए ।

यसैगरी कार्यवाहक अध्यक्ष पोखरेलले सहकारी ऐनले सहकारीलाई १५ प्रतिशतसम्म शेयर लाभांश वितरण गर्न सक्ने अधिकार दिएको भएपनि विभिन्न कोषहरुमा रकम बाँडफाँट गर्नुपर्ने वाध्यता रहेकाले उत्पादन सहकारीले सदस्यलाई लाभांश प्रदान गर्न नसकेको भनाई राखे । उनले सहकारीले गरेको उत्पादनको ब्राण्डिङ्ग, कार्यक्षेत्रको सीमानाले गर्दा बितरणमा उत्पन्न गरेको जटिलता, बजार ब्यवस्थापनमा देखिएको समस्या लगायतका विषय हल गर्न सरकारसंग माग गरे । कृषिमा युवाहरुलाई आकर्षित गर्नका लागि सरकारले उपयोगी शिक्षा तथा तालिम र आधुनिक प्रविधिको प्रवर्द्धन गरेर यसलाई युवामैत्री पेशाकोरुपमा विकसित गर्नुपर्ने आवश्यकता औंल्याए । साथै यसका लागि छुट्टै प्रविधि अध्ययन केन्द्र स्थापना गर्नुपर्ने भनाई राखे ।

यसैगरी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्कून)का अध्यक्ष चन्द्र ढकालले उत्पादन, प्रशोधन, भण्डारण र बजारको सम्भावना नदेखेर सहकारीहरु उत्पादनमा नलागेको भनाई राखे । उनले सरकारले सहकारी क्षेत्रलाई प्राथमिकतामा राखेर विषयपरक नीति तथा कार्यक्रम तय नगरेकाले पनि सहकारीलाई उत्पादनमा परिचालन गर्न नसकिएको बताए । कोभिड-१९ महामारीपश्चात सहकारीले तरलताको समस्याले गर्दा लगानी गरेको पैसाबाट समयमा लाभ प्राप्त गर्न नसकेकाले पनि उत्पादनमा जान कठिनाई भएको धारणा राखे । उनले मुलुकमा उत्पादनसंग सम्बन्धि धेरै प्रकारका सहकारी स्थापना गर्नुको सट्टा बरु सबैलाई एकीकृत गर्नुपर्ने भनाई राखे । कृषिसंग सम्बन्धित संघहरुबीच सहकार्य र समन्वय नभएकाले पनि राज्यको नीति निर्माण गर्ने ठाउँमा एउटै धारणा पुऱ्याउन नसकेको बताए ।

यस्तै कार्यक्रममा बोल्दै पशु पन्छी तथा मत्स्य पालन केन्द्रीय सहकारी संघका अध्यक्ष बाबुराम अधिकारीले राज्यका सबै निकायको ध्यान बचत तथा ऋण सहकारीमा देखिएको समस्यामा केन्द्रित भएकाले उत्पादन सहकारी ओझेलमा परेको दु:खेसो गरे । उनले विगतमा सहकारी विभाग र तत्कालीन राष्ट्रिय सहकारी विकास बोर्डले उत्पादन सहकारीलाई दिने गरेको अनुदान कार्यक्रम रोकिएकाले पनि सहकारीलाई उत्पादनमा जान समस्या परको बताए । उनले सहकारीले बुधबार्रन गरेको मुनाफाको पैसा जम्मा गरेर खडा गरेको सहकारी प्रवर्द्धन कोषको रकम सरकारले अपचलन गरेको आरोप लगाए । 'सहकारी प्रवर्द्धन कोषको रकम किन अहिलेसम्म वितरण नभएको हो ?', उनले भने, 'सरकारले संघहरुलाई वितरण नगर्ने भए सहकारीलाई फिर्ता गरिदिनुपर्छ । रोकेर राख्न मिल्दैन ।'

यसअघि कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद सापकोटाले निर्वाहमूखी पशुपालन, उत्पादित दुधको संरक्षण गर्नका लागि आधुनिक उपकरणको अभाव र कुलिङ ट्रान्सपोर्टेसनको कमीले दुग्ध सहकारीमा आवद्ध किसानहरु समस्यामा पर्ने गरेको बताए । उनले दुधको मूल्यमा हुने अस्थिरता, बिमामा विद्यमान असहजता तथा अपर्याप्तता, माग र आपूर्ति बीच असन्तुलन, पशु स्वास्थ्य र रोगको समस्या, दुर्गम क्षेत्रमा परिवहन र भण्डारको समस्याले पनि चुनौती उत्पन्न गरेको बताए । कार्यक्रममा प्रस्तुतिकरण दिँदै केन्द्रीय चिया सहकारी संघका उपाध्यक्ष प्रेम घिमिरेले हाल पाँचओटा जिल्ला स्तरीय संघहरु मार्फत १४ जिल्लाका १ सय भन्दा बढी चिया सहकारी संस्थाहरु केन्द्रीय संघमा जोडिएको जानकारी दिए ।

संघमा जोडिएका ९ हजार १ सय घरधुरी परिवारले ५ हजार हेक्टर जमिनमा चिया खेती गरेको र सदस्य सहकारीले २१ उद्योग संचालन गरिरहेको उनले बताए । चिया निर्यातबाट करिव ४० करोड रुपैयाँ बुधबार्रन हुने गरेको जानकारी दिए । उनले सहकारी प्रशोधन उद्योग संचालन गर्नका लागि पुँजीको अभाव, अन्तर्राष्ट्रिय मान्यता प्राप्त गुणस्तर प्रमाणीकरण गर्न नसक्नु, सहकारीले उत्पान गरेको तयारी चियाको अन्तर्राष्ट्रिय बजारमा पहुँच नपुग्नु, सहकारीले संचालन गरेको उद्योगले अनुदान सहुलियत नपाउनु लगायतका समस्याले चुनौती खडा गरेको उल्लेख गरे ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का कार्यक्रम अधिकृत कपिल गौतमले कमजोर बजार पूर्वाधार, अस्थिर बजार सम्बन्ध, सीमित मूल्य श्रृङ्खला, आर्थिक तथा लगानी सम्बन्धी सीमाहरु र क्षमता तथा प्रविधिमा रहेको अन्तरले कृषि सहकारीमा चुनौती खडा गरेको भनाई राखे । संघले चुनौतीका बाजजुद पनि किसानहरुलाई गुणस्तरीय बिउ, मल तथा कृषि सामग्रीको सहज उपलब्धता, कृषि ऋण तथा वित्तीय सेवामा पहुँच बृद्धि, कृषि प्रविधि, तालिम तथा क्षमता विकास, उचित बजार व्यवस्थापन लगायतका विषयमा सहयोग गर्दै आएको उनले बताए । सिजेएनका अध्यक्ष अर्जुन खतिवडाको सभापतित्वमा आयोजित कार्यक्रम सचिव माधव खड्काले संचालन गरेका थिए । उपस्थित अतिथि तथा सहभागीलाई उपाध्यक्ष नमिता दुलालले धन्यवाद ज्ञापद गरेकी थिइन ।

# राष्ट्र बैंकलाई उद्योग परिसंघको सुझाव

## मौद्रिक नीतिमा सुधार र बजार माग बढाउने व्यवस्था गर्न माग




काठमाडौं (जस)-नेपाल उद्योग परिसंघले आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति निर्माणका लागि नेपाल राष्ट्र बैंकलाई विभिन्न नीतिगत सुझाव पेश गरेको छ । परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले गभर्नर विश्वनाथ पौडेललाई सुझावपत्र हस्तान्तरण गर्दै बाह्य क्षेत्रका सूचकहरू सकारात्मक रहे पनि आन्तरिक आर्थिक गतिविधि लामो समयदेखि सुस्त रहेकाले त्यसलाई चलायमान बनाउने गरी मौद्रिक नीति ल्याउन आग्रह गरेका हुन् । परिसंघले आगामी मौद्रिक नीतिलाई मुख्यत: तीन क्षेत्रमा केन्द्रित गर्न सुझाव दिएको छ । जसअन्तर्गत तत्काल बजार माग वृद्धि गरी आर्थिक गतिविधि विस्तार गर्ने, मौद्रिक नीतिको कार्यान्वयन अभ्यासमा सुधार ल्याउने तथा राष्ट्र बैंकभित्र संरचनागत सुधारलाई अगाडि बढाउने विषय समावेश छन् ।

सुझावपत्रमा निर्देशित कर्जाको सीमा चरणबद्ध रूपमा घटाउन, कार्यशील पूँजी कर्जा मार्गदर्शनलाई क्षेत्रगत आधारमा लागू गर्न, ब्याजदर निर्धारण प्रणालीलाई थप आधुनिक र पारदर्शी बनाउन तथा धितोयुक्त कर्जाको वर्गीकरण र कालोसूचीकरणसम्बन्धी समयसीमा पुनरावलोकन गर्नुपर्ने उल्लेख गरिएको छ । यस्तै, सरकारको इन्टरप्राइज फ्यासिलिटी कार्यक्रममा आबद्ध स्टार्टअप व्यवसायका लागि विशेष कर्जा सुविधा स्थापना गर्न तथा राष्ट्र बैंकभित्र अधिकारसम्पन्न मौद्रिक नीति समिति गठन गर्नुपर्ने सुझाव पनि परिसङ्घले दिएको छ ।

अध्यक्ष पाण्डेले बजारमा माग सिर्जना गर्ने, लगानीकर्ताको आत्मविश्वास बढाउने तथा निजी क्षेत्रलाई सक्रिय बनाउने खालको मौद्रिक नीतिले अर्थतन्त्रको पुनरुत्थानमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । सुझाव ग्रहण गर्दै गभर्नर पौडेलले आगामी मौद्रिक नीति ब्याजदर स्थायित्व र वित्तीय प्रणालीको सुदृढीकरणमा केन्द्रित हुने बताए । उनले निजी क्षेत्रलाई अर्थतन्त्रको प्रमुख चालक शक्ति भन्दै लगानी तथा आर्थिक गतिविधि विस्तारका लागि नियामक निकाय र निजी क्षेत्रबीचको सहकार्य थप मजबुत हुनुपर्ने धारणा राखे ।

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय कावासोतीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०३/११ गते जन सवाल दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कावासोतीबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) औ दिन अर्थात मिति २०८३ असार २६ गते शुक्रबार**को दिन गोप्य शिलबन्दि बोलपत्रद्वारा शाखा कार्यालय कावासोतीबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दि बोलपत्र दिन सक्नुहुने छ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| १. **गणेश महतो**<br>ना.प्र.नं.- ३६३०१५/१७६<br>जारी मिति - २०६३/१०/१२, जि.प्र.का. नवलपरासी<br>बाबु - तुलाराम चौतरिया<br>आमा - फुल कुमारी चौतरिया<br>पत्नी - अप्सरा महतो<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला पिठौली गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १३ | १. **तुलाराम चौतरिया**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, पिठौली गा.वि.स वडा नं. ४, ४/क स्थित कित्ता नं. ६४६ र ६४७ को क्षे.फ. क्रमश ०-०-५-० र ०-१-६-० (बि.क.धु.क) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **तुलाराम चौतरिया**<br>ना.प्र.नं.- ३६/२००७३<br>जारी मिति - २०३६/०२/२४, जि.प्र.का. नवलपरासी<br>बाबु - गिरधारी चौतरिया<br>बाजे - खड्क बहादुर चौतरिया<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला पिठौली गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १३ | २. **अप्सरा महतो**<br>ना.प्र.नं.- ३६२०१५/१६८९<br>जारी मिति - २०६९/१०/०८, जि.प्र.का. नवलपरासी<br>बाबु - प्रेम बहादुर पाठक<br>ससुरा - तुलाराम चौतरिया<br>पति- गणेश महतो<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला पिठौली गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १३ |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितीले १५ (पन्ध्र) दिन अर्थात २०८३ असार २५ गते** भित्र बैंकको शाखा कार्यालय कावासोतीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कावासोतीबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८३ असार २६ अपरान्ह ३ :०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय कावासोतीमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कवोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नू पर्नेछ । अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्वन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हूने सम्पत्ति सम्वन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कावासोतीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२.प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्र अन्तर्गत सवै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ असार २६ गते शुक्रबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कावासोती फोन नं. ०७८-५४०१६५

कालिका नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
रेडक्रसग्राम, चितवन

**विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशन मिति: २०८३-०३-११)

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आव्हान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 29/Works/ NCB/KM/ 2082/083 | **Tulasi Khanalko ghar cheu dekhi bhim Paneruko ghar samma bato kalo patre** | 2083-02-13 B.S / (27th May, 2026) | 39,59,524.16 | **Rajnish Construction, Jagarnathpur-06, Parsa** | |

प्रमुख प्रशासकीय अधिकृत